का.जि.प्र.का.द.नं. १००/०५९/६०

१९ जेठ २०७९,
बिहीबार
2 June 2022,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ११७ । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com

## गठबन्धन जोगाउन असारमै भागबण्डा

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १८ जेठ ।

आगामी कात्तिक अन्तिम वा मंसिर पहिलो साता प्रतिनिधिसभा तथा प्रदेशसभा चुनाव गर्ने प्रस्ताव सत्तारुढ बैठकमा लगिएको छ । स्थानीय चुनाव लगत्तै प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको सत्ता गठबन्धनको बैठकमा प्रदेश तथा प्रतिनिधिसभा चुनावको मिति प्रस्ताव गरिएको हो ।

०७४ मंसिर १० र २१ गते दुई चरणमा गरी प्रतिनिधिसभा तथा प्रदेशसभा चुनाव भएको थियो । त्यसबेला निर्वाचित संसदको कार्यकाल सकिनुअगाडि नै चुनाव गर्नुपर्ने प्रस्ताव आएपछि कात्तिक अन्तिम साता वा मंसिर पहिलो साता मिति तोक्नेबारे छलफल भएको हो । 'कात्तिकमा हिमाली तथा उच्च पहाडी क्षेत्रमा चुनाव गर्न सम्भव नहोला । सम्भवत: मंसिर पहिलो वा दोस्रो साता चुनाव हुन सक्छ', बैठकमा सहभागी एक नेताले भने ।

प्रमुख विपक्षी दल नेकपा एमालेले सत्तारुढ गठबन्धनलाई चुनाव गराउन नचाहेको आरोप लगाउने गरेको थियो । स्थानीय चुनाव पनि सार्न खोजेको एमाले नेताहरुले बताउने गरेका थिए । तर गएको ३० वैशाखमा एकैचरणमा ७५३ स्थानीय तहमै चुनाव भयो । यो चुनावले एमालेलाई नराम्रो धक्का दिएको छ ।

०७४ को चुनावमा २९४ स्थानीय चुनाव जितेको एमालेले यसपटक २०५ स्थानीय तह मात्रै जितेको छ । महानगर सहित ठूला शहरी क्षेत्रबाट यसपटक एमाले नराम्रोसँग बढारिन पुगेको छ । ६ वटै महानगरमा जित्न नसकेको उपमहानगरमा पनि एमालेले तीन स्थानमा मात्रै जित्यो ।

तर नेपाली कांग्रेसलाई भने गठबन्धन भएको राम्रो उपलब्धि भयो । ०७४ को चुनावमा २६६ स्थानीय तह जितेको कांग्रेसले यसपटक ३२९ स्थानीय तह जित्यो । यो उपलब्धी कांग्रेसकै नेताहरुले अनुमान गरे भन्दा बढी हो । माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र जनमोर्चाले पनि गठबन्धन भएको लाभ पाए ।


तर पनि गठबन्धनमा केही खटपट देखिएको थियो । कांग्रेसले इमान्दारिता पूर्वक गठबन्धन नगर्दा आफ्नो सिट संख्या कम आएको गठबन्धनका साझेदार दलका नेताहरुले असन्तुष्टि जनाएका छन् । तर त्यो असन्तुष्टिमा विपक्षी एमालेलाई खेल्न नदिन कांग्रेसका नेताहरुले प्रतिनिधिसभा तथा प्रदेशसभा चुनावको मिति घोषणा मात्रै नभएर भागबण्डा समेत टुंग्याएर जानेबारे छलफल शुरु गरेका छन् ।



> स्थानीय चुनावमा एमालेविरुद्ध गठबन्धन गर्दा नेपाली कांग्रेसले राम्रो नतिजा हात पारेको छ । माओवादी केन्द्र, एकीकृत समाजवादी, जसपा र जनमोर्चाले समेत ०७४ को चुनावी नतिजा जोगाएकाले अहिलेको सत्ता गठबन्धन निरन्तरता दिनेगरी छलफल अगाडि बढाइएको छ ।

पाँच दलीय गठबन्धनका कार्यदल संयोजक रहेका कांग्रेस नेता रामचन्द्र पौडेलले असारभित्रै भागबण्डा टुंग्याएर जानुपर्ने प्रस्ताव गरेका छन् । बैठकमा सहभागी नेताका अनुसार, पौडेलको प्रस्तावमा प्रधानमन्त्री एवम् कांग्रेस सभापति शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड लगायत नेता तयार छन् ।

'जुन उद्देश्यले गठबन्धन बनेको हो, त्यो पूरा गर्न जरुरी छ । अहिलेको वाम-लोकतान्त्रिक गठबन्धन कायम रहँदा नै संविधान – बाँकी पृष्ठ २ मा



> अस्थिर चरित्रको आरोप खेपिरहने पुष्पकमल दाहाल प्रचण्डले केही दिनको फरकमा विपक्षी एमाले र सत्तारुढ गठबन्धनको नेतृत्व गरिरहेको कांग्रेसविरुद्ध चेतावनीको भाषामा बोलेका छन् । यस्तो अभिव्यक्तिले राजनीतिक कोर्स बदलिन सक्ने खतरासँगै, प्रचण्ड राजनीतिक अस्तित्व स्थापित गर्ने छटपटीमा रहेको समेत बुझ्न सकिन्छ ।

## सशंकित प्रचण्ड

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १८ जेठ ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेपाली कांग्रेसले दम्भ देखाए विद्रोह गर्ने चेतावनी दिएका छन् । आफ्ना तर्फबाट निर्वाचित जनप्रतिनिधिहरुलाई प्रशिक्षण दिदै अध्यक्ष प्रचण्डले स्थानीय चुनावमा कांग्रेसले राम्रो नतिजा पाएपछि अहंकार बढ्नसक्ने बताए । 'हामीले मिहिनेत गरेर प्रधानमन्त्री बनाएको हो, भइराख्नुस् भन्ने पनि छ । तर एमाले जस्तै अहंकार र दम्भ चुलिएर माओवादीलाई ठेगान लगाउने भन्यो भने हामीले पनि एमालेलाई जस्तो ठेगान लगाउन दिन नआओस्', अध्यक्ष प्रचण्डले भनेका छन् ।

'अहंकार र दम्भ आयो भने फेरि विद्रोह गर्ने हो', प्रचण्डको भनाइ थियो । तेस्रो शक्तिका रुपमा माओवादीले कहिले एमालेको त कहिले कांग्रेसको दम्भ बढाइ दिनुमा आफ्नो पनि बाध्यता भएको प्रचण्डले बताए । अध्यक्ष प्रचण्डले केही दिन अगाडि मात्रै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई समेत चेतावनी दिएका थिए ।

अध्यक्ष ओलीलाई दुई पटक नै माओवादी केन्द्रले प्रधानमन्त्री दिएको भन्दै प्रचण्डले आगामी चुनाव पछि प्रधानमन्त्री बनेर देखाउन चेतावनी दिएका थिए । माओवादी केन्द्रको समर्थनमा २०७२ र ०७४ मा ओली प्रधानमन्त्री बनेका थिए । तर संविधान जारी भएपछि बनेको सरकारमा खटपट भएपछि कांग्रेस र माओवादी केन्द्रको गठबन्धन सरकार बनेको थियो ।

लगत्तै ०७४ को चुनावमा भने एमाले र माओवादी केन्द्रबीच चुनावी गठबन्धन भयो । त्यही गठबन्धनलाई दुई तिहाइ नजिकको बहुमत पाएपछि पार्टी एकीकरण नै भएको थियो । तर एकता जोगिएन । कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउँदै पाँच दलीय गठबन्धन बनेको छ ।

त्यही गठबन्धनबाट साझा उम्मेदवारी दिएर माओवादी केन्द्रले चुनावमा भाग लिएको थियो । गठबन्धनबाट चुनावमा जाँदा माओवादी केन्द्रले ०७४ को भन्दा केही सिट बढाएको छ । कांग्रेसलाई भने ठूलो लाभ मिलेको छ भने एमाले दोस्रो शक्तिमा खुम्चिएको छ । त्यस लगत्तै प्रचण्डले एमाले अध्यक्ष ओलीलाई चेतावनीको भाषामा बोलेका थिए ।

लगत्तै अध्यक्ष प्रचण्डले कांग्रेसलाई समेत चेतावनी दिएका छन् । यसले प्रचण्ड राष्ट्रिय राजनीतिमा भूमिकाको खोजीमा रहेको समेत टिप्पणी भइरहेको छ । हुनत, प्रचण्डले केही समयअघि केपी ओलीसँग मिलेर चुनाव लड्ने धम्की शेरबहादुर देउवालाई नदिएका होइनन्, तर देउवाले कम सिट जित्ने आंकलन गरेर सत्तागठबन्धन कायमै राखेका थिए ।

जसले गर्दा स्थानीय चुनावमा कांग्रेस धेरै राम्रो नतिजा हात पारेर पहिलो पार्टी बनेको थियो भने माओवादी तेश्रो पार्टी भएपनि अंकगणितमा भने निकै सुधार गरेको छ । त्यसोत गत स्थानीय चुनावमा पहिलो दल बनेको एमाले पनि आगामी चुनावमा माओवादीसँगै मिलेर जाने तयारीमा देखिन्छ । यद्यपि प्रचण्डले एमाले धोकेबाज र दम्भी भएको बताउँदै आएका छन् । तर, अस्थिर चरित्रको आरोप खेपिरहने प्रचण्डको यो अभिव्यक्ति भने देउवा तर्साउने यन्त्र मात्रै भएको कांग्रेस नेताहरुको बुझाइ छ ।

## संसदमा नसुनिएका सांसद

> आगामी आर्थिक वर्षका लागि सरकारले ल्याएको बजेटमाथि विपक्षी दलका सांसदहरुले बिमति जनाइरहेका छन् भने सत्ता पक्ष त्यसको बचाऊमा छन् । तर बजेटमाथि सांसदहरुको नीजि धारणा भने गौण छ ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १८ जेठ ।

सरकारले आगामी आर्थिक वर्षका लागि संघीय संसदको संयुक्त बैठकमा पेश गरेको बजेटमाथि सांसदहरुले छलफल गरिरहेका छन् । विपक्षी दल नेकपा एमालेका सांसदहरुले बजेटको विरोध जनाइरहेका छन् । संसदीय दलका नेता केपी शर्मा ओलीकै निर्देशन अनुसार, एमाले सांसदहरुले बजेट वस्तुपरक र राम्रो आउन नसकेको भनी आलोचना गरिरहेका छन् ।

तर सत्तारुढ गठबन्धनका सांसदहरुले भने बजेटको बचाऊमा बोलिरहेका छन् । दलीय धारणा राख्ने, तर सांसदहरुको निजी धारणा भने गौण हुने यसअघिका प्रवृत्ति यसपटक पनि दोहोरिएका छन् । बुधबार चलेको दुवै सदनका बैठकमा सांसदहरुले दलगत धारणा नै राखेका थिए ।

राष्ट्रियसभाको बैठकमा सहभागी हुँदै कांग्रेसका जितेन्द्रनारायण देवले पूर्वाग्रहको संस्कारबाट मुक्त भएर सत्यपरक ढङ्गबाट ठीकलाई ठीक र बेठीकलाई बेठीक भन्ने संस्कारको विकास गर्नुपर्नेमा जोड दिएका थिए । उनले परोक्ष रुपमा बजेटकै बचाउ गरेका थिए ।

'सरकारको दस्तावेजमा सिद्धान्त, नीति तथा कार्यक्रम र बजेटबीच अन्तरसम्बन्ध रहेको छ । यी पक्षलाई एकीकृतरुपमा तयार गरिएको छ । बजेटमा विदेशी लगानी आकर्षित गर्ने, निजी क्षेत्रलाई विकासको इञ्जिनका रुपमा परिभाषित गर्ने तथा अनुसन्धानलाई जोड दिइएको छ', उनले भनेका थिए । नेकपा एकीकृत समाजवादीका सांसद डा. बेदुराम भुसालले गठबन्धन सरकारको पहिलो बजेट विगतका केही वर्षका बजेट भन्दा राम्रो रहेको विभिन्न आधारले पुष्टि गरेको बताए । उनले भने, 'बजेटमा कृषिको रुपान्तरण, सहकारी, निजी र सरकारी क्षेत्रमार्फत आर्थिक रुपान्तरण गर्ने कुरा उल्लेख छ ।'

नेकपा माओवादी केन्द्रका सांसद गङ्गाकुमारी बेल्वासेले स्थिरता, उद्यमशीलता, समावेशी विकास निर्माण गर्ने नारा उपयुक्त भएको बताइन् । उनले भनिन्, 'कृषिमा आत्मनिर्भर बनाउँदै जाने तथा सिँचाइ, मल, बीउबिजनलाई सम्बोधन गर्नु सकारात्मक हो । बजेट लघु, घरेलु र ठूला उद्योगलाई प्रोत्साहन गर्ने गरी आएको छ । बजेटमाथि आलोचनाका लागि आलोचना उपयुक्त हुँदैन ।'

तर एमालेका सांसद देवेन्द्र दाहालले भने आगामी वर्ष निर्वाचनको वर्ष र आर्थिक सङ्कटको जोखिम रहेकाले सरकारले ठूलाठूला कुरा राख्न नहुने बताए । 'सामाजिक सुरक्षा भत्ता पाउने उमेर घटाउँदै जाँदा नागरिकमा छिट्टै बुढ्यौलीमा गइयो कि भन्ने चिन्ता उत्पन्न गर्छ', उनले भने ।

राष्ट्रियसभाजस्तै प्रतिनिधिसभामा पनि सांसदहरु दलगत रुपमै सुनिएका थिए । कांग्रेस केन्द्रीय सदस्य सञ्जय गौतमले कृषि क्षेत्रलाई प्राथमिकता दिएको बजेटले मुलुकमा उत्पादन वृद्धि गर्ने बताए । मुलुकमा मलको अभाव भएकाले किसानले मल पाउने अवस्था नरहेकाले सरकार त्यसतर्फ संवेदनशील बन्नुपर्नेमा उनले जोड दिए । किसानलाई खान, बस्न, शिक्षा स्वास्थ्यका क्षेत्रमा सहुलियत दिनसकेमा उनीहरू खुसी भई कृषि उत्पादन वृद्धि हुने बताउँदै त्यसले समग्र अर्थतन्त्रलाई सकारात्मक प्रभाव पार्ने र देशको समुन्नति हुने विश्वास व्यक्त गरे ।

माओवादी केन्द्रका नेता देव गुरुङले परमुखी रहेको अर्थतन्त्रलाई उत्पादनमा केन्द्रित – बाँकी पृष्ठ २ मा

## भिजिट भिसाका लागि छुट्टै नियम ल्याउने तयारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ जेठ ।

भिजिट भिसाका कारण उत्पन्न समस्याको समाधानका लागि गृहमन्त्री बालकृष्ण खाँण र श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)बीच उच्चस्तरीय छलफल भएको छ । भिजिट भिसामा गैरकानूनीरूपमा पठाउने धन्दामा गृह मन्त्रालय अन्तर्गत रहने अध्यागमन विभागका कर्मचारीहरू पनि संलग्न भएको समाचार सार्वजनिक भइरहेको अवस्थामा बुधबार दुबै मन्त्रालयबीच उच्चस्तरीय छलफल भएको हो ।

छलफलमा गृहसचिव टेकनारायण पाण्डे, श्रम मन्त्रालयका सचिव एकनारायण अर्याल, गृह मन्त्रालयका प्रवक्ता सहसचिव फणिन्द्रमणि पोखरेल, अध्यागमन विभागका महानिर्देशनक नारायणप्रसाद भट्टराई, वैदेशिक रोजगार विभागका महानिर्देशक शेषनारायण पौडेललगायत दुबै मन्त्रालयका उच्च पदस्थ कर्मचारीहरू सहभागी थिए ।

सोमबार नेपाल प्रहरीको इन्टरपोल शाखाले यूएईमा बसी मानव तस्करी तथा ठगीमा संलग्न केही व्यक्तिहरूलाई पक्राउ गरी नेपाल ल्याएको छ । मन्त्री श्रेष्ठले विदेशमा बसेर कामदार ठग्नेलाई घिसारेर भएपनि नेपाल ल्याउने र पानी मुनी गएपनि नछाड्ने यसअघिका यूएई तथा मलेसिया भ्रमणका क्रममा बताएका थिए ।

छलफलमा वैदेशिक रोजगारका लागि जाँदा प्रदान गरिने श्रम स्वीकृतिजस्तै पारिवारिक भिसा र भिजिट भिसामा विदेश जाँदा पनि स्वीकृति लिनुपर्ने व्यवस्था गर्ने निष्कर्ष निकालिएको बताइएको छ । त्यसका लागि अध्यागमन विभागले छुट्टै 'एप्स' निर्माण गरी कार्यान्वयनमा लैजाने सहमति भएको छ ।

हाल नक्कली कागजातसमेत बनाइ भिजिट भिसामा जाने र बिचल्लीमा परे सरकार गुहार्ने गरिएको छ । एप्समार्फत अनुमति दिँदा विदेशमा जानेको अभिलेख – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### कतारमा खुला क्षेत्रमा काम गर्न रोक

**काठमाडौं/मस–** कतारमा अत्यधिक तापक्रम बढेपछि श्रमिकलाई खुला क्षेत्रमा काम गर्न रोक लगाइएको छ । बुधबार कतार दोहाको तापक्रम ४२ डिग्री सेल्सियस थियो भने शुक्रबार ४३ डिग्री सेल्सियस पुग्ने अनुमान छ ।

कतारको श्रम मन्त्रालयले जुन १ अर्थात् बिहीबारदेखि १५ सेप्टेम्बरसम्म बिहान १० बजेदेखि दिउँसो साढे तीन बजेसम्म खुला क्षेत्रमा काम गर्न प्रतिबन्ध लगाएको स्थानीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् । कुनै कम्पनीले सरकारको निर्णय नमानी काममा लगाए कतारको श्रम मन्त्रालयमा उजुरी दिन भनिएको छ । त्यस्तो उजुरी नेपाली दूतावासमा पनि दिन सकिने बताइएको छ ।


साउदीमा ट्रक ड्राईभरहरूलाई रोजगारको अवसर

कम्पनी: SAUDI READYMIX CONCRETE CO शहर : SAUDI
पूर्व स्वीकृत मिति: २०७८/०८/१२ चलानी नं.: ६०१६८९३८ L.T. No.: 252300 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 10 | 0 | स. काममा दक्ष | 1800 | ५९,४७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

Truck Driver को हकमा GCC (Saudi, Qatar, Dubai, Bahrain, Oman, Kuwait) Valid Heavy Driving Licence भएको हुनुपर्नेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ २६ गते (9 June 2022) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ५२१/०६१/०६२

रोलेक्स रिक्रुटमेन्ट एजेन्सी प्रा. लि.
पो.ब.नं. २१५७९,महाराजगंज, काठमाडौं । फोन: ४७२१११४, ४७२०५४२, फ्याक्स: ४२२११२८
Email:- rolex.nepal@gmail.com, Mobile: 9851044752/ 9851092212 /9851058444

# मौसम सफा नभएसम्म उडान अनुमति नदिने निर्णय लागू

**काठमाडौं/मस-** नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले जहाज प्रस्थान गर्ने विमानस्थल र गन्तव्य विमानस्थलको मौसम सफा नभएको खण्डमा उडानको अनुमति नदिने नियम लागू गरेको छ। जहाज प्रस्थान गर्ने विमानस्थल तथा पुग्नुपर्ने विमानस्थलसहित 'इनरुट' को मौसम सफा नभएसम्म जहाजलाई उडान अनुमति नदिइने नियम बुधबारदेखि लागू गरिएको क्यानका महानिर्देशक ई. प्रदीप अधिकारीले जानकारी दिए।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले मौसम सफा नभएका खण्डमा जहाजलाई उडानको अनुमति नदिने नियम बनाउन क्यानलाई सोमबार निर्देशन दिएका थिए। क्यानले उडानका लागि बनाएको नयाँ नियम कार्यान्वयनमा समन्वय हुन नसक्दा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बुधबार हुने आन्तरिक उडानमा केही समय ढिलाइ भएको थियो। उडान सुरक्षालाई ध्यानमा राखेर लागू गरिएको निर्णय कार्यान्वयनमा समन्वय हुन नसक्दा बिहान कम्तीमा पनि दुई घण्टा उडान ढिलो भएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले जनाएको छ।




बिहानको मौसम सफा भए पनि ६ बजे लुक्लाका लागि उड्न लागेको जहाजलाई अनुमति नदिँदा दुई घण्टाजति रोकिएको थियो। मौसमबारे जल तथा मौसम विज्ञान विभागले रिपोर्ट नदिएको भन्दै क्यानले उडानका लागि अनुमति नदिँदा उडान दुई घण्टा रोकिएको बताइएको छ।

प्रतिकूल मौसमका कारण देशमा पटकपटक हवाई दुर्घटना हुँदै आएको निष्कर्ष निकाल्दै क्यानले मौसम सफा नभएका खण्डमा जहाजलाई उडानको अनुमति नदिने निर्णय गरेको हो। महानिर्देशक ई अधिकारीका अनुसार यस्तो निर्णय आँखाले अगाडि हेरेरै गर्नुपर्ने उडान प्रणाली (भीएफआर) रहेको रुट र जहाजको हकमा लागू हुने भएको छ।

उक्त निर्णयपछि अब जहाज उड्ने रुटको मौसमसमेत सफा रहेको निश्चित भएपछि मात्र उडान अनुमति दिइने र यसको कडाइका साथ पालना गरिने क्यानले जनाएको छ। क्यानका अनुसार इनरुटको मौसम कस्तो छ भन्ने विवरण भने जल तथा मौसम विज्ञान विभागको तथ्याङ्कलाई आधार मानिनेछ।

प्रतिकूल मौसमका कारण गत आइतबार दिउँसो मुस्ताङको थासाङ गाउँपालिका-२ सानोसरेमा तारा एयरको जहाज दुर्घटनामा परेको क्यानको प्रारम्भिक अनुमान रहेको छ। उक्त जहाज दुर्घटनामा परी चालक दलका सदस्य तीन जना, १३ नेपाली, चार भारतीय तथा दुई जर्मन नागरिकसहित २२ जनाको मृत्यु भएको थियो।

## मृतकको शव परीक्षण गरिँदै

**काठमाडौं/मस-** प्रतिकूल मौसमका कारण आइतबार मुस्ताङको थासाङ गाउँपालिका-२ सानोसरेमा दुर्घटनामा परेको तारा एयरको जहाजमा मृत्यु भएकाको शव परीक्षण गर्न शुरु गरिएको छ। मृतक २२ जनाकै शवको त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा शव परीक्षण गर्ने कार्य भइरहेको अस्पतालले जनाएको छ। तारा एयरको ९ एनएइटी कलसाइन भएको उक्त ट्विनअटर विमान दुर्घटनामा परेर ज्यान गुमाएका २२ जनाको शव परीक्षण गरिँदैछ। त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा शव परीक्षण भइरहेको छ। अस्पतालका अनुसार अहिलेसम्म १० वटा शव परीक्षण गरिसकिएको छ। शव परीक्षण सकिएपछि एकैपटक मृतकका आफन्तलाई शव हस्तान्तरण गरिने अस्पताल व्यवस्थापनले जनाएको छ। आइतबार पोखराबाट उडेको उक्त ट्विनअटर विमान सोमबार बिहान मुस्ताङको थासाङ गाउँपालिका-२ सानोसरेस्थित मानापाथी हिमालको फेदीमा दुर्घटनाग्रस्त अवस्थामा भेटिएको थियो।

# अर्को विद्यालय जान हस्तान्तरण प्रमाणपत्र अनिवार्य

**काठमाडौं/मस-** पर्सा जिल्लाका निजी विद्यालय आबद्ध रहेका दुईवटा सङ्गठनले एउटा विद्यालयमा अध्ययन गर्दै आएको विद्यार्थीलाई उक्त विद्यालयको सहमति (हस्तान्तरण प्रमाणपत्र) बिना अन्य विद्यालयमा भर्ना नलिने सहमति भएको छ।



प्याब्सन पर्सा र एन प्याब्सन पर्साका अनुसार हाल शैक्षिक सत्र आरम्भ भएको बेला स्कूलको शुल्क तिर्न नसकेका अभिभावकले आफ्नो बच्चालाई एक विद्यालयबाट अर्को विद्यालयमा भर्ना गराउने गरेको पाइएकाले विद्यालयको हस्तान्तरण प्रमाणपत्र अनिवार्य गरिएको हो।

एउटा विद्यालयमा अध्ययन गर्दै आएको विद्यार्थी उक्त विद्यालयको सहमति बिना अन्य विद्यालयलाई भर्ना हुँदा विद्यालयलाई वार्षिक लाखौं रुपैयाँ घाटा लागिरहेको भन्दै दुवै संस्थाले यस्तो सहमति गरेका हुन्।

अबदेखि एउटा विद्यालयमा अध्ययन गर्दै आएको विद्यार्थीलाई उक्त विद्यालयको हस्तान्तरण प्रमाणपत्र लिएर मात्र अन्य विद्यालयमा भर्ना गर्न पाउने गरी सहमति भएको एन प्याब्सन पर्साका अध्यक्ष रामकुमार श्रेष्ठले बताए। दुवै संस्थामा गरी पर्सामा करिब सय हाराहारीमा निजी विद्यालय आबद्ध रहेका छन्।

# मधेश प्रदेशसभाको बजेट अधिवेशन आजबाट

**जनकपुर/मस-** मधेश प्रदेशसभाको बजेट अधिवेशन आजबाट शुरु हुँदैछ। बजेट अधिवेशनमा आउँदो शनिबार (२१ जेठ)मा सरकारले नीति तथा कार्यक्रम प्रस्तुत गर्ने भएको छ। मधेश प्रदेश सरकारले शनिबार अगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न लागेको प्रदेश सरकारका गृह तथा सञ्चार मन्त्री भरतप्रसाद साहले जानकारी दिए।




उनका अनुसार २१ जेठमा बस्ने प्रदेश सभाको बैठकमा प्रदेश प्रमुख हरिशंकर मिश्रले आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्नेछन्। विगतका पुरना लोकप्रिय कार्यक्रमलाई निरन्तरता दिँदै थप कार्यक्रमहरु नीति तथा कार्यक्रममा समेटिएको उनले जानकारी दिएका छन्।

कृषि, स्वास्थ्य, शिक्षा, सिँचाइ तथा पुर्वधार क्षेत्रलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम ल्याउन लागेको मन्त्री साहले बताए। प्रदेश सरकारले आउँदो प्रदेश र प्रतिनिधिसभालाई लक्षित गरि चुनावमुखी नीति तथा कार्यक्रम ल्याउने लागिएको छ।

आफ्ना कार्यकालको अन्तिम वर्षमा रहेका प्रदेश सरकारले चुनाव लक्षित गरी अनुदानमुखी कार्यक्रमहरु थपिन लागेको एक नीति तथा योजना आयोगका एक कर्मचारीले बताए। उनका अनुसार वैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई स्वरोजगार बनाउन अनुदान, कृषि क्षेत्रमा रोजगार सिर्जना गर्न लगायतका कार्यको लागि अनुदानमुलक कार्यक्रम अन्य वर्षको तुलनामा बढी राख्न प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रीहरुले जोड दिएका छन्।

# गोकर्णेश्वर महादेव मन्दिरको छानामा सुनको लेप

**काठमाडौं/मस-** दैनिक बालयन्त्रको पूजा आराधना हुने काठमाडौंको उत्तरपूर्वी भेगस्थित गोकर्णेश्वर महादेव मन्दिरको छानामा सुनको लेप लगाउने कार्य सम्पन्न गरिएको छ।

छानामा सुनको लेप लगाउने काम गर्दा मन्दिरको पूजा आराधनामा कमी, कमजोरी वा त्रुटि भएको भए क्षमा पाउँ भनी बुधबार क्षमा पूजा शुरु गरिएको छ। क्षमा पूजाका क्रममा १८ वटै पुराणको वाचन गरिने मन्दिरको छाना निर्माण समितिले जनाएको छ।

कार्यक्रमको शुभारम्भ गर्नुहुँदै सांसद कृष्णबहादुर राईले धार्मिक कार्यमा जुट्ने गरेको सहभागितालाई धार्मिक पर्यटन प्रवर्द्धनमा पनि उपयोग गरिनुपर्ने बताए।

बागमती प्रदेशसभा सदस्य रामेश्वर फुयाँलले मन्दिर क्षेत्रलाई उत्तरगया धामसम्म आकर्षक गन्तव्यका रुपमा विकास गर्नुपर्ने बताए।

गोकर्णेश्वर नगरपालिकाका प्रमुख दीपक रिसालले मन्दिर क्षेत्रमा थप विकासका लागि सहयोग निरन्तर जारी रहने बताए। पूर्वप्रमुख सन्तोष चालिसेले मन्दिरकै नामबाट नगरपालिकाको नामकरण भएकाले रु छ करोड ५० छानामा सुनको लेप लगाउन सहयोग गरिएको बताए।

छानामा सुनको लेपसँगै धार्मिक पर्यटकीयस्थलका रुपमा विकास गर्न आवश्यक काम गर्ने वडा नं ४ का अध्यक्ष जयराम महतले बताए। छाना निर्माण समितिका अध्यक्ष कोमलबहादुर विष्टले छानामा सुनको लेप लगाउन १५ किलो सुनसहित करिब रु १८ करोड खर्च भएको बताए।

# दरबार हत्याकाण्डको २१ वर्ष

**काठमाडौं/मस-** नारायणहिटी दरबार हत्याकाण्ड भएको आज २० वर्ष पूरा भएको छ। २०५८ जेठ १९ गते साँझ राजदरवारभित्रै तत्कालीन राजा वीरेन्द्र शाहको वंश नाश गर्नेगरी भएको हत्याकाण्डको २१ वर्षसम्म पनि सत्यतथ्य घटना सार्वजनिक हुन सकेको छैन। पारिवारिक जमघटका बेला तत्कालीन राजा वीरेन्द्र, रानी ऐश्वर्य, युवराज दीपेन्द्र, राजकुमार निराजन, राजकुमारी श्रुति, राजकुमार धिरेन्द्र, राजकुमारी जयन्ती, राजकुमारी शान्ती, राजकुमारी शारदा, कुमार खड्का र अन्य राजपरिवारका सदस्यहरूको गोली प्रहार गरी हत्या भएको थियो।



उच्च सुरक्षा घेराभित्र रहेको दरबारमा भएको हत्या अहिले सम्मपनि रहस्यमयी छ। हत्याकाण्डपछि तत्कालीन प्रधानन्यायाधीशको संयोजकत्वमा गठित उच्चस्तरीय छानबिन समितिले जेठ १९ को घटनामा तत्कालीन युवराज दीपेन्द्रले परिवारका सदस्यहरूलाई गोलीले उडाएको र पछि आफैँलाई गोली हानेको भन्ने प्रतिवेदन सार्वजनिक गरेको थियो। तत्कालीन सभामुख तारानाथ रानाभाटले छानविन प्रतिवेदन सार्वजनिक गरेका थिए। तर त्यसलाई आम नेपालीले विश्वास गरिरहेका छैनन्।

प्रधानन्यायाधीश संयोजकत्वको समितिपछि उक्त घटनाको कुनै स्वतन्त्र अनुसन्धान भएको छैन। तर बेलाबेलामा सरकारी तवरबाटै यसको छानविनको माग भने उठ्ने गरेको पाइन्छ। यद्यपि राजनीतिक प्रतिशोधका कारण यस्ता माग उठ्ने गरेको भए पनि यस हत्याकाण्डको सत्य घटना सार्वजनिक गर्नेतर्फ चासो दिने गरेको पाइँदैन।

# हत्या आरोपमा दुई जना पक्राउ



**काठमाडौं/मस-** हत्या आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा कीर्तिपुर नगरपालिका-३ बाघभैरव बस्ने २६ वर्षीय अजय नापित र २२ वर्षीय सन्तोष महर्जन रहेका छन्। उनीहरुलाई प्रहरीले मङ्गलबार पक्राउ गरेर बुधबार सार्वजनिक गरेको हो।

उदयपुर तामिल्छा नगरपालिका -८ घर भई चन्द्रागिरि नगरपालिका-१० बोसीगाउँ बस्ने २९ वर्षीय अरुण खत्रीको हत्यामा संलग्न रहेको आरोपमा उनीहरुलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। कीर्तिपुर नगरपालिका-३ ढाल्पास्थित सडकमा कुटपिट गर्दा गम्भीर घाइते भएका खत्रीको उपचारका क्रममा कीर्तिपुर अस्पतालमा मृत्यु भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

प्रहरीले मृतक खत्रीको झोलाबाट नियन्त्रित लागुऔषध डाइजेपाम ३१ एम्पुल, फेनार्गन ६४ एम्पुल र नुर्फिन ७२ एम्पुल बरामद गरेको गरेको छ। घटनाको बारेमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

### गठबन्धन...

र व्यवस्था जोगिनेछ', माओवादी केन्द्रका एक नेता भन्छन्। ती नेताका अनुसार, ०७४ को चुनावी गठबन्धनको शिक्षा लिएर यसपटक समयमै गठबन्धनका दलहरुबीच भागबण्डा गर्ने तयारी भएको छ।

### संसदमा ....

गर्न बजेट महत्वपूर्ण रहेको बताए। तर एमालेका लालबाबु पण्डितले विकासका अधुरा कुरामा बजेट विनियोजन नगरिएको टिप्पणी गर्दै बजेटमा केही महत्वकाङ्क्षी योजना राखिएको बताए।

### भिजिट...

रहने र बिचल्लीमा परेर फर्किन पर्ने समस्या समाधान हुने अपेक्षा गरिएको छ।

बैठकमा केही स्थानीय तहले दक्षिण कोरियाका स्थानीय तहसँग भगिनी सम्बन्ध गाँस्दै सिजनल वर्करका नाममा वैदेशिक रोजगारमा पठाउन गरेको सहमति वैदेशिक रोजगार ऐन विपरीत रहेकोले प्रदेश तथा स्थानीय तहले सिजनल वर्कर पठाउन नमिल्ने निष्कर्षसमेत निकालिएको बताइएको छ।

**नेपाली चिल्ड्रन होस्टेल प्रा.लि.को हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७५/०८/०१ मा दर्ता भएको **नेपाली चिल्ड्रन होस्टेल प्रा.लि.(दर्ता नं. २२८४८६)** को मिति २०७९/०२/१७ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ।

**लिक्वीडेटर: जिवन कुमार थापा, ठेगाना : डिल्लिबजार**
**इजाजतपत्र नं. ४२२, फोन नं. ९८४१६९६९६६**

**कतारमा रोजगार** | १. कम्पनी: **OPTIMER TRADING & CONTRACTING WLL**
शहर: QATAR

पुर्व स्वीकृत मितिः२०७९/०२/१८ | चलानी नं.: ६०१८०२१९ | LT. No.: 264128

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 5 | 0 | स. काममा दक्ष | 1000 | ३३,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ २६ गते (9 June 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

**C.D. Human Resources Pvt. Ltd.**
Kalimati Dol (Near Airport), Kathmandu
Gov. Lic. No. 1048/073/74
Tel.: 01-4586262, Fax: 4486263 | Mob.: 9851010834, 9851005776
Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np

**आठबीस नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**राकम कर्णाली, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रथम पटक प्रकाशित मिति : (२०७९/०२/१९ गते)**

१. यस कार्यालयको आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा भैसी कार्यक्रम अन्तर्गत भैसीहरु खरिद कार्य दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजतपत्र प्राप्त ईच्छुक फर्म वा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रित पूर्वक शिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ।
२. सुचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र कार्यालय समयमा नविकरण भएको इजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७७/०७८ सम्मको कर चुक्ता प्रमाण-पत्र, अन्य ठेक्का सम्वन्धी कागजात सहितको प्रमाणित प्रतिलिपिहरु, संलग्न साथ तपसिल फिर्ता नहुने गरी उल्लेखित रकम (पछि फिर्ता नहुने गरी) वुझाई यस कार्यालयबाट दरभाउपत्र खरिद गरी दाखिला गर्नुपर्नेछ।
३. दरभाउपत्रको प्रत्येक पानामा सहिछाप गरी देहाय वमोजिमको कार्यको लागि निम्नानुसारको धरौटी रकम वापत दरभाउपत्रसाथ कम्तिमा ३ महिना (९० दिन) म्याद भएको जमानीपत्र (विड वण्ड) वा यस कार्यालयको नाममा नेपाल ईन्भेष्टमेन्ट बैंक लि., डावा शाखा, दैलेख स्थित धरौटी खाता च. हि.नं. ०६३०१४००२५००३० मा धरौटी वापतको रकम जम्मा गरेको सक्कलैं बैङ्क भौचर समेत दरभाउपत्रका साथ पेश गरी यस कार्यालयमा दर्ता गर्नु पर्नेछ। दरभाउपत्रसाथ तल तोकिएको दरभाउपत्र दस्तुर वापतको रकम यस कार्यालयको नेपाल ईन्भेष्टमेन्ट बैंक लि., डावा शाखा, दैलेखको आन्तरिक राजश्व खाता नं. ०६३०१४००२५००८५ मा जम्मा गरेको सक्कलैं बैङ्क भौचर समेत दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।
४. प्रथम पटक सूचना प्रकाशित मितिले १६ औं दिनको १२.०० वजे भित्र यस कार्यलयमा दरभाउपत्र पेश गर्नुपर्ने छ। दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त दिनको लगतै कार्यालय खुलेको दिन सोही समय भित्र खरिद र दाखिला गर्न सकिने छ।
५. दर्ता भएको दरभाउपत्र १६ औं दिनको २.०० वजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन।
६. दरभाउपत्रको दररेट आइटममा अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ।
७. दरभाउपत्र पेश गर्ने व्यवसायीले आफु यो कामगर्न योग्य छु भनी स्वःघोषणा पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
८. दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
९. सफल दरभाउपत्रदाताले भैसी सप्लाई गर्दा पशु चिकित्सकबाट जाँच गरेको निरोगिताको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ। हाल कर्णाली प्रदेशमा भैसी श्रोत केन्द्र स्थापना नभई सकेकोले कर्णाली प्रदेश भन्दा बाहिरबाट भैसी खरिद गरी सप्लाई गर्नुपर्नेछ। दरभाउपत्र पेश गर्ने फर्म वा सप्लायर्सले यस कार्यालयबाट खरिद हुने रकम बराबरको रकम नघटाई कम्तिमा २ वर्षको अनुभव भएको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ।
१०. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४, संशोधन सहित र अन्य प्रचलित ऐन कानुन अनुसार हुनेछ।
११. अन्य थप कुरा जानकारीका लागी यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिने छ।

| ठेक्का नं. | कामको विवरण | ल. ई. रकम रु. | दरभाउपत्र फाराम दस्तुर रु. | जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| AM/GOODS/SQ/01/2078/079 (L.S.B.) | मुर्रा भैसी खरिद तथा ढुवानी कार्य | 19,98,000.00 | 1000.00 | 50,000.00 | |

थप जानकारी एबं सूचनाको लागि : फोन ०८९६९०४७५, ई मेल aathabismun@gmail.com,
वेवसाइटः www.aathabismun.gov.np

**आठबीस नगरपनलिका**
**दैलेख**

# ‘न्यायपालिका जनआस्थामा आधारित संस्था’



**काठमाडौं/मस-** सर्वोच्च अदालतका कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्कीले न्यायपालिका जनआस्थामा आधारित संस्था भएको बताएका छन्।

जुम्लामा बुधबार आयोजित उच्च अदालत सुर्खेत जुम्ला इजलास र जिल्ला अदालत जुम्लाको नवनिर्मित भवनको समुद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै कायममुकायम प्रधानन्यायाधीश कार्कीले मुद्दा दर्तादेखि फैसला हुँदासम्म पूरा गरिने न्याय सम्पादनबाट सेवाग्राहीलाई मिल्ने सन्तुष्टिले न्यायपालिकाप्रतिको आस्था बढ्ने बताए। सुदृढ न्यायपालिका बनाउन वरिष्ठ न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वमा उच्चस्तरीय समिति गठन भएको उनले बताए।

उनले भने, ‘सर्वोच्च अदालतमा धेरै समस्या छन्। हामी सुधारको प्रक्रियामा छौं र चाँडै त्यसको प्रतिफल आउँदैछ। अब हामी छिटो छरितो र निष्पक्ष ढङ्गबाट काम होस् भनेर गोलाप्रथा वा मेसिनबाट पनि न्यायसम्पादनका कार्य गर्दैछौं।’

अदालतको काम कारबाहीप्रति सेवाग्राहीको धारणा सन्तोषजनक नहुँदा अपेक्षित प्रतिफल नआउने भन्दै उनले उनीहरूप्रतिको हाम्रो दायित्व बोधले मात्र न्यायसम्पादन पूर्ण हुने बताए।

वरिष्ठ न्यायाधीश कार्कीले मेहनत, इमान्दारिता र निष्ठाबाट हुने न्यायालयको कामले जनतामा विश्वास बढ्न बताए। जनताको सहजताका लागि मुद्दालाई वर्गीकरण गरिएको जनाउँदै वरिष्ठ न्यायाधीश कार्कीले सबैको सकारात्मक सहयोगबाट न्याय सम्पादनमा प्रभावकारिता बढ्ने तर्क गरे।

उच्च अदालत सुर्खेत जुम्ला इजलासका कायममुकायम न्यायाधीश शेषराज शिवाकोटीले गुणस्तरीय र प्रभावकारी न्याय सम्पादनका लागि भौतिक पूर्वाधारका साथै दक्ष जनशक्ति आवश्यक हुने जनाए। कायममुकायम न्यायाधीश शिवाकोटीका अनुसार चालु चौथो योजनाले न्यायपालिकालाई सेवाग्राहीमैत्री बनाउनमा जोड दिएको छ।


उद्घाटन कार्यक्रममा उच्च अदालत सुर्खेत इजलास जुम्लाका न्यायाधीश श्रीमणकुमार गौतमले २४ कोठे भवन रु तीन करोड २२ लाख १३ हजार लागतमा निर्माण भएको जनाए। उनका अनुसार उक्त भवन डीएस पृथ्वी जेभी निर्माण कम्पनी, ललितपुरले निर्माण गरेको थियो।

जिल्ला अदालत जुम्लाको २० कोठे भवन रु चार करोड २१ लख ४३ हजार ५०० लागतमा निर्माण भएको जिल्ला न्यायाधीश जवाहरप्रसाद सिंहले जानकारी दिए। उक्त भवन चन्द एण्ड वसन्त पुष्प जेभी निर्माण कम्पनीले निर्माण गरेको थियो।

कार्यक्रममा जिल्ला समन्वय समिति जुम्लाका प्रमुख लालबहादुर सार्की, चन्दननाथ नगरपालिकाका प्रमुख राजुसिंह कठायत, अधिवक्ता मीनबहादुरमहतलगायत वक्ताले न्याय सम्पादनमा कर्णालीवासीको सहज पहुँच हुने गरी न्यायाधीश र आवश्यक जनशक्तिको व्यवस्था मिलाउन कामु प्रधानन्यायाधीश कार्कीसमक्ष अनुरोध गरे। कामु न्यायधीश कार्कीले हुम्ला, जुम्ला र कालीकोटमा नवनिर्मित भवनको आज उद्घाटन गरेका छन्।

उक्त कार्यक्रममा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाका उपकुलपति डा मङ्गल रावल, न्यायाधीश नसुरुल्लाह अन्सारी, सर्वोच्च अदालतका रजिष्ट्रार नारायण पन्थी, सह-रजिष्ट्रार बाबुराम दाहाल, २४ नं.कर्णाली बाहिनी जुम्लाका बाहिनीपति रामचन्द्र केसी, प्रमुख जिल्ला अधिकारी विजयाकुमारी प्रसाईं, सशस्त्र प्रहरी उपरीक्षक चित्राङ्गत दाहाल, प्रहरी नायब उपरीक्षक नरेन्द्र चन्दलगायतको सहभागिता थियो।

# हिम केन्द्रलाई पूर्ण स्वचालित प्रणालीमा स्तरोन्नति गरिने



**काठमाडौं/मस-** सरकारले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा परिरहेको असरको वैज्ञानिक अध्ययन अनुसन्धान गर्न हिम केन्द्रलाई पूर्ण स्वचालित रियल टाइम प्रणालीमा स्तरोन्नति गर्ने भएको छ।

जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा परिरहेको असरको वैज्ञानिक अध्ययन अनुसन्धान गर्नका साथै हिम मौसमी प्रणालीको निरन्तर अनुगमन गर्न हिम केन्द्रलाई स्तरोन्नति गर्न लागिएको आगामी आर्थिक वर्षको बजेटमा उल्लेख गरिएको छ।

सरकारले जलवायु परिवर्तनका कारण उत्पन्न हिमताल विष्फोटको जोखिम न्यूनीकरण गर्न संखुवासभाको एक, सोलुखुम्बुका दुई र मनाङको एक गरी चार हिमतालमा रहेको पानीको सतह घटाउने र तल्लो तटीय क्षेत्रमा पूर्वसूचना प्रणालीको निर्माण गरी सञ्चालनमा ल्याउने भएको छ।

जलवायु परिवर्तनको प्रतिकूल असरलाई न्यूनीकरण गर्न अनुकूलनका कार्यक्रम सञ्चालन गर्ने, अर्थतन्त्रलाई हरित अर्थतन्त्रमा रूपान्तरण गर्न सम्भाव्य सबै उपाय अवलम्बन गर्ने र विपद् व्यवस्थापनका लागि पूर्वतयारी कार्यक्रममार्फत जोखिम न्यूनीकरण गर्ने आव २०७९/०८० को बजेट वक्तव्यमा उल्लेख छ।

जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्ने, दोस्रो राष्ट्रिय निर्धारित योगदान, अनुकूलन योजना र शून्य कार्बन उत्सर्जन रणनीति प्रभावकारीरूपमा कार्यान्वयन गर्ने सरकारको तयारी छ।

नेपालको भूबनोट, जलवायु परिवर्तनका कारणबाट सिर्जित प्रतिकूल प्रभाव, विकास प्रयासबाट उत्पन्न प्रतिकूल असर समेतलाई न्यूनीकरण गर्दै विपद्का कारण हुने मानवीय र भौतिक क्षति कम गर्न प्रदेश र स्थानीय तहको सहकार्यमा कार्यक्रम सञ्चालन गरिने यही जेठ १५ गते सार्वजनिक बजेटमा उल्लेख छ।

सरकारले राष्ट्रियरूपमा स्थानीय तहमा जलवायु परिवर्तन अनुकूलन कार्ययोजना बनाई लागू गर्ने र पूर्वाधार निर्माणका ठूला आयोजनामा विपद् जोखिमा न्यून गर्न जलवायु परिवर्तन अनुकूलनका उपाय अवलम्बन गर्ने भएको छ। यसैगरी विपद् जोखिम न्यूनीकरण गर्ने बहुप्रकोपीय पूर्वचेतावनी राष्ट्रिय प्रणाली स्थापना तथा बहुप्रकोपीय जोखिम आकलन प्रणाली स्थापना गर्ने, विपद्का घटनाबाट प्रभावित जनसङ्ख्याको तथ्यांक आधार निर्माण गरी राहत र पुनरूत्थानका कार्यक्रम सञ्चालन गर्नेलगायतका कार्यक्रम बजेटमा समावेश छन्। आगामी आवमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका लागि रु एक अर्ब ६१ करोड विनियोजन गरिएको छ।

## भूल सुधार

**मिति २०७९/०२/१८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित भएको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलको बोलपत्र स्विकृतिका लागि आशयको सूचना भुलबस अर्को प्रकाशित हुन गएको जानकारी गराउँदछौं।**

**- सम्पादक**


## माईग्रेसन सर्टिफिकेट हराएको सूचना

मिति २०७९।०१।०३ गते काठमाण्डौ सुन्धारा देखि भक्तपुर जाने क्रममा बि.ई. सिभिल त्रिभुवन विश्वविद्यालयको माईग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध छ।

**नाम: विष्णु प्रसाद खनाल**
**त्रि.वि.र.नं. : ३-१-४५-३५-२००२**
**शैक्षिक सत्र : २०६३/०६७**
**ठेगाना:देवचुली-१३, नवलपरासी(व.सु.पुर्व)**
**सम्पर्क नं.: ९८५७०६१२३२**

## साइप्रसमा रोजगार | १. कम्पनी: A.D. HOME SERVE (DOMESTIC EMPLOYMENT AGENCY)

शहर: Cyprus

पूर्व स्वीकृत मितिः २०७९/०२/१८ चलानी नं.: ६०१८०२३४ LT. No.: 264145

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 20 | स. काममा दक्ष | 314 | ४१,७४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: RED PANDA EMPLOYMENT PRIVATE EMPLOYMENT AGENCY शहर: CYPRUS

पूर्व स्वीकृत मितिः २०७९/०२/१८ चलानी नं.: ६०१८०२३३ LT. No.: 264146

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agricultural Laborer | 0 | 3 | सम्बन्धित काममा दक्ष | 455 | ६०,४८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Domestic Worker | 0 | 17 | | 314 | ४१,७४३ | | | | | | | |

३. कम्पनी: ANSOT EMPLOYMENT SERVICES LIMITED शहर: CYPRUS

पूर्व स्वीकृत मितिः २०७९/०२/१८ चलानी नं.: ६०१८०२३२ LT. No.: 264147

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping (Female) | 0 | 10 | सम्बन्धित काममा दक्ष | 970 | १,२८,९५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Housekeeping (Male) | 10 | 0 | | 970 | १,२८,९५१ | | | | | | | |

४. कम्पनी: ARISTOKLEOUS ARISTOS IMMIGRATION CONSULTANTS LTD शहर: CYPRUS

पूर्व स्वीकृत मितिः २०७९/०२/१८ चलानी नं.: ६०१८०२३१ LT. No.: 264148

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bartender | 2 | 2 | सम्बन्धित काममा दक्ष | 1296 | १,७२,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 8 | 8 | | 1183 | १,५७,२८६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ २६ गते (9 June 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ३५,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**KALINCHOK H. R. PVT. LTD.**
License No.: 1406/074/075
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 014980649, 9801081748, 9801179844, 9851093878, 9851136852, Email: info@kalinchokhr.com.np

## ZERO COST RECRUITMENT Opportunity for Malaysia!!
## शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर !!

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!Free Food | Transportation | Accommodation from Hometown to Airport!

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित ! घर देखि एयरपोर्ट सम्म निःशुल्क खाना । यातायात । आवास !

Ansell is a global safety solutions expert, reinventing personal protection for 125 years. Be it workers, businesses, or the world around us, Ansell protects.

**रोजगारदाता कम्पनी : एन्सेल एन पि एसडिएन बिएचडि.**
**Employer Company : ANSELL N. P. SDN BHD**

| | | |
|---|---|---|
| पूर्व स्वीकृत मितिः २०२२/०६/०१ | चलानी नंः ६०१८०१४७ | एल टि नं : २६४०६६ |
| Pre Approval Date: 2022/06/01 | Invoice No.: 60180147 | LT No. : 264066 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | मासिक तलब Monthly Salary रिङ्गिट MYR | मासिक तलब Monthly Salary ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomo-dation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | औद्योगिक कामदार Factory Worker | ९ 9 | १६ 16 | १५०० 1500 | ४२,१७८ 42,178 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

नोट: आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ। आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन।

Note: Applicants. are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

**फाइनल अन्तर्वार्ता आईएमआर अफिस ग्वार्को, ललितपुरमा मिति जेठ २६ गते बिहिबारको दिन हुनेछ।**
**Final Interview will be held at IMR Office, Gwarko, Lalitpur on 9 June 2022 i.e. on Thursday.**

ईन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट (आईएमआर) को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट आईएमआरले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने।

International Manpower Recruitment P. Ltd (IMR) does not have any branch or mediator representative. IMR is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ। साथै, कृपया ध्यान दिनुहोस् कि अन्तर्वार्ताको लागि उपस्थित हुने उम्मेद्वारहरूले अन्तर्वार्ताको समयमा अनिवार्य रुपमा आफ्नो QR खोप प्रमाणपत्र ल्याउनु पर्छ।

Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols. Also, please note that the candidates appearing for the interview must compulsorily bring their QR vaccination certificate at the time of the interview.

**अबैध भर्तीकर्ताहरुदेखि साबधान रहनुहोस् /Beware of Illegal Recruiters**

कृपया धोखाधडी, अबैध क्रियाकलाप वा भ्रष्टाचार बिरुद्ध आईएमआरको हटलाइन नं. +९७७ ९८०११३७७६९ मा वा ईमेल **imr.grievance@gmail.com** मा रिपोर्ट गर्न नहिचकिचाउनुहोस्। हामी तपाईको गोप्नीयता सुनिश्चित राख्नेछौं।

Feel free to report against fraud, illegal activities or corruption in IMR's Hotline **+977 9801137769** or email at **imr.grievance@gmail.com** .We shall maintain your confidentiality.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

**International Manpower Recruitment (P) Ltd.**
License No. 309/059/060
Gwarko 7, Lalitpur, Nepal, Tel: 01-5204346, 5204347, 5204348
Mobile No.: +977 9801031586, 9802325733, 9818979632
For Location:

## यूएइमा रोजगार | कम्पनी : DUBAI TAXI CORPORATION (RTA)

शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०७८/०१/१६ चलानी नं.: ६०१७८७७४ LT. No.: 262550 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bike Driver | 200 | 0 | सम्बन्धित काममा दक्ष | 2750 | ९२,७०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Taxi Drivers | 300 | 0 | | 2000 | ६७,४२० | | | | | | | |

**अन्तर्वार्ता सिद्धार्थ होटल, बिर्तामोडमा २०७९ जेठ २५ गते (8 June 2022) मा हुनेछ।**
**अन्तर्वार्ता दुर्गा पार्टी प्यालेस, इटहरीमा २०७९ जेठ २६ गते (9 June 2022) मा हुनेछ।**
**अन्तर्वार्ता ओम साई क्याटेरिङ सर्भिस सेन्टर एण्ड पार्टी प्यालेस, काठमाडौंमा २०७९ जेठ २८ गते (11 June 2022) मा हुनेछ।**
**अन्तर्वार्ता बाजेको सेकुवा, पोखरामा २०७९ जेठ २९ गते (12 June 2022) मा हुनेछ।**
**अन्तर्वार्ता एशियन होटल, बुटवलमा २०७९ जेठ ३० गते (13 June 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**AAYUSH OVERSEAS PVT. LTD.**
Govt.Lic.No. 1341/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel.: 4484789, 4484468
Mob.:9823834848,9843390045,9810190356,9826659545,9824114907
E-mail : aayushoverseas123@gmail.com, Web.: www.aayushoverseas.com

**अन्तर्वार्ताका लागि सम्पर्क नं.**
Birtamod: 9816961140, 9801046467 | Ithari: 9805310693, 9819311718, 9813729204, 9802714040
Kathmandu: 01-4112559, 9803093814, 9841506020 | Pokhara: 9826659545, 9824114907
Butwal: 071544214, 980758782, 9847011829, 9749367523, 9815476362, 9846973112

## QATAR मा रोजगारको अवसर | कम्पनी : OVER THE COUNTER RESTAURANT

शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७९/०२/१८ चलानी नं.: ६०१८०२०५ LT. No.:264105

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cooker | 1 | 2 | स. काममा दक्ष | 1500 | ५०,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेष्ठ २६ गते (9 June 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
